नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(.......प्रशासन.......शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७९/८०/१/११
प्राप्त पत्र संख्या:- ................
च.नं.:- १०८६

मिति : २०८०/०३/०५

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

**श्री महाशाखा, सबै ।**
**श्री नापी कार्यालयहरु, सबै ।**
**श्री विशेष नापी कार्यालयहरु, सबै ।**
**श्री डिजिटल नापी कार्यालय, बनेपा ।**

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.स. १.१/प्र/२०७९/०८०/१(१)२, च.नं १५६९, मिति २०८०/०३/०१ को सुझाव कार्यान्वयन सम्बन्धी पत्रसाथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा) को प.स.०७९/८०, च.नं.भ्र.नि/५२१/७३७६, मिति २०८०/०२/२९ को पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.स.६/०७९-८०(सम्पत्ति विवरण), च.नं.५९२३७, मिति २०८०/०२/२३ को पत्रको छायाँप्रति जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

३/५

**(अनन्तराज लामिछाने)**
**शाखा अधिकृत**

**बोधार्थ :**

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६६२
४२११८५२
४२११८४३
४२००३३९
४२११६६४
फ्याक्स:-४२३२२६८
४२११६४५
सिंहदरवार, काठमाडौं

पत्र संख्याः-१.१/प्र./२०७९/०८०/१(१)२
चलानी नं. १४६९

विषयः- <u>सुझाव कार्यान्वयन सम्बन्धमा</u> ।

मितिः- २०८०/०३/०१

श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल ।
श्री गुठी संस्थान, प्रधान कार्यालय त्रिपुरेश्वर ।
श्री सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री साझा प्रकाशन सहकारी संस्था लि.पुल्चोक, ललितपुर ।
श्री साझा भण्डार सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा यातायात सहकारी संस्था लि. पुल्चोक, ललितपुर ।
श्री साझा सेवा सहकारी संस्था लि.बल्खु ।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. साततले कपन, चावहिल ।

नापी विभाग
दर्ता नं. 2506
प्राप्त मिति 2080-3-4

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा) सिंहदरवारको प.सं. २०७९/०८० च.नं. भ्र.नि./५२१/७३७६ मिति २०८०/०२/२९ को पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं.६/२०७९/०८० (सम्पत्ति विवरण) च.नं. ५९२३७ मिति २०८०/०२/२३ को पत्रको छाँयाप्रति पाना २ (दुई) यसैसाथ संलग्न छ । सो सम्बन्धमा सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीहरुले नियुक्ति पाएको मितिले साठी दिन भित्र र हरेक आर्थिक बर्ष शुरु भएको मितिले साठी दिन भित्र सम्पत्ति विवरण बुझाउने र सो व्यवस्था कार्यान्वयनको प्रमुख जिम्मेवारी कार्यालय प्रमुखको हुने नेपाल राजपत्रको व्यवस्था पूर्ण पालना गर्नु/गराउनु हुनका साथै बुझाएको सम्पत्ति विवरणको संरक्षण, व्यवस्थापन तथा विद्युतीय प्रणालीमा आवद्ध गर्ने निर्णय कार्यान्वयनका लागि तहाँ र मातहतका निकायहरुमा समेत जानकारी गराउनु हुन मिति २०८०/०३/०१ को निर्णयानुसार अनुरोध छ ।

(श्याम शरण गैह्रे)
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा) सिंहदरवार ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौं ।
कम्प्यूटर अधिकृत श्री चित्र बहादुर चौहानः- **<u>Website मा Upload गर्नुहुन ।</u>**

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

प.सं ०७९/८०
च.नं.:भ्र.नि./५२१/७३७६

मितिः २०८०/०२/२९

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकाय (सबै)
श्री प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (७ वटै प्रदेश)

2836
080/2/31

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं.६/२०७९-८०(सम्पत्ति विवरण), च.नं. ५९२३७, मिति २०८०/०२/२३ को पत्रबाट प्राप्त सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीहरुले नियुक्ति पाएको मितिले साठी दिनभित्र र हरेक आर्थिक बर्ष शुरु भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउने र सो व्यवस्था कार्यान्वयनको प्रमुख जिम्मेवारी कार्यालय प्रमूखको हुने नेपाल राजपत्रको व्यवस्था पूर्ण पालना गर्न गराउन साथै बुझाइएको सम्पत्ति विवरणको संरक्षण, व्यवस्थापन तथा विद्युतीय प्रणालीमा आवद्ध गर्ने निर्णय कार्यान्वयनका लागि पत्रको छाँयाप्रति संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

2080/2/29
(ज्योती पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं ६

टेलिफोन :४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
इमेल :opmcmsadachar@nepal.gov.np,info@nepal.gov.np वेब साइट : www.opmcm.gov.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं
(महाशाखा नं. ६)

पत्र संख्या: ६/०७९-८०(सम्पत्ति विवरण)
चलानी नं: ५९२३८

मिति: २०८०/०२/२३

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

उपरोक्त सम्बन्धमा शुरू नियुक्ति पाउने सार्वजनिक पद धारण गरेका पदाधिकारी र कर्मचारीहरूले नियुक्ति पाएको मितिले साठी दिनभित्र र हरेक आर्थिक वर्ष शुरू भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नियुक्ति दिने निकायहरूले सम्बन्धित पदाधिकारी र कर्मचारीहरूलाई अनिवार्यरूपमा सम्पत्ति विवरण बुझाउन लगाउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको कार्यालय प्रमुखको हुने भनि मिति २०७५/०३/२० को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिमको कानुनी व्यवस्थाको पूर्ण पालना गर्ने/गराउने, सम्पत्ति विवरणलाई कार्यालय प्रमुखको कार्यसम्पादन मूल्यांकन प्रणाली र वृत्ति विकाससँग आवद्ध गर्ने, सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्वका सम्बन्धमा पर्याप्त चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सम्पत्ति विवरण सम्बन्धमा कार्य गर्ने निकायबीच ढाँचागत एकरूपताका लागि पहल गर्ने, बुझाइएका सम्पत्ति विवरणका बन्दी खामहरूको व्यवस्थापन र संरक्षण गर्ने, सम्पत्ति विवरण बुझाउनेहरुको नामावली विद्युतीय प्रणालीमा आवद्ध गर्ने, निश्चित श्रेणी र तहभन्दा माथिका पदाधिकारी/कर्मचारीहरूको मात्र सम्पत्ति विवरण लिने व्यवस्था गरी अन्यको हकमा वैकल्पिक व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने भनी आयोगबाट मिति २०८०/०२/०४ मा निर्णय भएकाले सोही व्यहोरा अनुरोध छ।

(विष्णुराज बेल्बासे)
उपसचिव

(कृपया पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला।)

फोन: ४२६२१८०, ४२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ४२६२१२८, ४२६२१०४, E-mail : akhtiyar@ntc.net.np